२०७३, साउन
शुक्रबार
७

> मुख्य कारण मध्यक्षेत्रका धेरै जिल्ला भारतको सिमानासँग जोडिएको र सीमामा घटना घटाउने र भारततिर भाग्ने प्रवृत्ति बढेको प्रहरीले जनाएको छ। सीमा क्षेत्रमा जनपद प्रहरीले घटना न्यूनीकरण गर्न अन्य प्रहरी र प्रशासनको सहायतामा काम गरिरहेको बताइएको छ।



नेपाल

बेपत्ता ...

आयोगका केही पदाधिकारीहरूलाई सो फारमको बारेमा बुझाउन र त्यसलाई केकसरी भर्न सकिन्छ भन्ने बारेमा सिकाउनका लागि विदेशी विशेषज्ञको टोली केही दिनपछि नेपाल आउने भएको छ।

आयोगका अध्यक्ष मल्लिकले फारम भर्नका लागि सिकाउन केही दिनपछि विदेशी विशेषज्ञको टोली नेपाल आउने र आयोगका सात-आठ जनाले त्यसका बारेमा तालिम लिने जानकारी दिनुभयो।

बेपत्ता व्यक्तिका बारेमा अनुसन्धान गर्न सो फारमभन्दा अरू विकल्प नभएको उहाँले बताउनुभयो। 'व्यक्ति गाडिएको रहेछ भने अब उसको हड्डीबाहेक केही पनि नहुन सक्छ। यस्तो अवस्थामा व्यक्ति पहिचान गर्नका लागि सो फारम अति नै उपयोगी हुन्छ।' -आयोगका अध्यक्ष मल्लिकले भन्नुभयो।

धेरै वर्षपछिको लासलाई डीएनए परीक्षण गर्न र पोस्ट मार्टम गर्न नसकिने भएकाले पनि बेपत्ता भएका व्यक्तिको पहिचान गर्न एन्टिमोर्टम डाटा फारम अति आवश्यक भएको बताइन्छ।

सो फारम पीडितहरूले भर्ने नभई उनीहरूको भनाइको आधार लिएर तालिम लिएकाहरूले भर्नुपर्ने हुन्छ। आयोगका अध्यक्ष मल्लिकले जसले तालिम लिएको छ सोही व्यक्तिले सो फारम भर्नुपर्ने स्पष्ट गर्नुभयो।

यसैबीच बेपत्ता भएका भनिएका केही व्यक्ति भारतका हरियाणामा भएको उल्लेख गर्दै आयोगमा फोन आउने गरेको अध्यक्ष मल्लिकले बताउनुभयो। हरियाणाको कुनै ठाउँमा बेपत्ता भएको भनिएका केही व्यक्ति धर्मपुत्र भएर बसेको सम्म जानकारी आउने गरेको पनि उहाँले उल्लेख गर्नुभयो।

त्यसबारेमा पनि आयोगले सो व्यक्तिको आफन्तसँग सबै विषयमा सोधपुछ गरी सो फारम भरी आवश्यक परे हरियाणामा पनि बुझ्न पठाउन पनि सकिने उहाँको भनाइ छ।

यसैबीच आयोगले गरेको प्रारम्भिक छानबिनमा १ सयवटा जति उजुरीमा कुनै पनि तथ्यहरू नभएको भेटिएको छ। आयोगका सदस्य आइबहादुर गुरुङले १ हजार ७ सयवटा उजुरी छानबिन गर्दा करिब १ सयवटा उजुरीमा कुनै पनि तथ्य नभएको पाइएको जानकारी दिनुभयो।

सदस्य गुरुङले त्यस्ता उजुरीलाई तामेलीमा राख्ने निर्णय भएको बताउनुभयो। त्यस्ता उजुरीमा द्वन्द्वकालीन समयमा मात्र घटना भएको तर कहाँबाट, कसले र के कारणले बेपत्ता बनाइएको हो भन्ने बारेमा कुनै पनि तथ्य नभेटिएको बताइएको छ। सदस्य गुरुङले पछि आधारयुक्त तथ्य आएमा त्यसलाई जगाएर अनुसन्धान गर्न सकिने जनाउनुभयो।

वार्ता ...

अख्तियार दुरुपयोग अनुसन्धान आयोग संसद्को सुशासन समितिअन्तर्गत पर्छ। हामी सामान्य मिडिया रिपोर्टका आधारमा त समितिमा छलफल चलाउँछौं भन्दै सांसद थापाले डा. केसीले प्रमाणसहित आन्दोलन गरेको अवस्थामा संसद् र सुशासन समितिमा छलफल हुनै पर्ने सांसद थापाले बताउनुभयो।

सांसद थापाले डा. केसीको स्वास्थ्य अवस्था नाजुक बन्दै गएकाले उहाँको मागका सम्बन्धमा तुरुन्तै छलफल हुनुपर्ने बताउनुभएको छ।

सांसद थापाले गर्नुभएको प्रस्तावमा केदारभक्त माथेमा कार्यदलले बुझाएको प्रतिवेदनको कार्यान्वयनको अवस्था संसद्सँग प्रत्यक्षरूपमा सम्बन्धित रहेको र छलफल गर्न आवश्यक भएकाले सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गरिएको दाबी गर्नुभयो।

जनतासँग प्रत्यक्ष सरोकार राख्ने स्वास्थ्य शिक्षाजस्तो अत्यावश्यक र संवेदनशील क्षेत्रमा व्याप्त भ्रष्टाचार, बेथितिका विषयमा डा. केसीले उठाएका मागबारे विगतमा संसद्मा छलफल भएको, संसदीय समितिले निर्देशन दिएको र सरकारले पटकपटक सम्झौतासमेत गरेकाले त्यसको कार्यान्वयन भए नभएको सन्दर्भमा सरकारलाई संसद्प्रति जबाफदेही बनाउन आवश्यक देखिएको भन्दै प्रस्तावमा डा. केसीको मागको विषयमा छलफल गर्न आवश्यक भएको पनि उहाँले दाबी गर्नुभएको छ।

अख्तियारले काठमाडौं विश्वविद्यालयको चिकित्सा शास्त्रतर्फ स्नातकोत्तर कार्यक्रमको परीक्षामा हस्तक्षेप गरी परीक्षा आफैं लिएको सार्वजनिक भएपछि संसद्को सुशासन समितिले विश्वविद्यालयका पदाधिकारीलाई बोलाएर सोध्ने भएको छ।

'विभिन्न सञ्चारमाध्यममा काठमाडौं विश्वविद्यालयमा हस्तक्षेपका कुरा आएको र त्यसमा डा. केसीको अनशन पनि जोडिएकाले छलफलबाट निचोडमा पुग्न छानबिन समिति बनाउने नबनाउनेबारे शुक्रबारको समिति बैठकबाट निर्णयमा पुग्छौं' -समितिका अध्यक्ष मोहनसिंह राठौरले भन्नुभयो। समिति बैठक आज शुक्रबार बिहान ८ बजेका लागि बोलाइएको छ।

डा. केसीले चिकित्सा क्षेत्रका अनियमिततालाई अख्तियारले आफ्नो क्षेत्राधिकार मिचेर हस्तक्षेप गरी एमडीको परीक्षा लिएको विषयमा महाभियोग लगाउन माग गर्नुभएको छ।

विवादले ...

सरकारको नेतृत्व गरेको एमाले र प्रधानमन्त्री ओलीको विरुद्ध संसद्मा अविश्वासको प्रस्ताव दर्ता गराएका कांग्रेस-माओवादीले बजेटसम्बन्धी विधेयक पारित र अविश्वासको प्रस्ताव कसलाई अगाडि बढाउने विषयलाई प्रतिष्ठाको मुद्दा बनाएका छन्।

प्रमुख दलहरूबीच सहमति जुट्नका लागि केही दिन लाग्ने देखिएको छ।

नेपाली कांग्रेसका प्रमुख सचेतक चीनकाजी श्रेष्ठले बिहीबारको बैठकका लागि सभामुख ओनसरी घर्तीले अविश्वासको प्रस्तावलाई कार्यसूचीमा राख्ने तयारी गरेपछि एमालेले बैठकमा सहमति नजनाउँदा बैठक स्थगित भएको बताउनुभयो।

सभामुख घर्तीले प्रमुख दलका शीर्ष नेताहरूसँग बैठक सञ्चालनका लागि पटक-पटक गरेको प्रयास पनि सफल हुन सकेन। सरकारको वैधानिकता नै अल्पमतमा परेको अवस्थामा अन्य विधेयकलाई थाती राखेर अविश्वासको प्रस्तावले प्राथमिकता पाउनुपर्ने अडान कांग्रेस-माओवादीले राखेका छन्।

प्रधानमन्त्री ओलीको भनाइ उद्धृत गर्दै श्रेष्ठले भन्नुभयो- 'अब संविधान संशोधन गर्नुपर्छ, एक/दुई दिन लाग्छ, अर्को मन्त्रिपरिषद् गठन गर्न प्रक्रिया मिलाउनुपर्छ।'

कांग्रेस र माओवादीले अविश्वासको प्रस्ताव पारित भएपछि प्रधानमन्त्री स्वतः पदमुक्त हुने भएकाले संविधान संशोधन गर्न आवश्यक नभएको बताएका थिए। प्रमुख सचेतक श्रेष्ठले बैठक चल्न पनि नदिने र राखेको प्रस्ताव पनि अस्वीकार गर्ने एमालेका कारण बैठक स्थगित भएको आरोप लगाउनुभयो।

अविश्वासको प्रस्ताव दर्ता भएपछि संविधानमै नयाँ सरकार गठन गर्ने व्यवस्था रहेको बहस चर्किएपछि प्रधानमन्त्री केपी शर्मा ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष प्रचण्डले छुट्टाछुट्टै कानुनविद्हरूसँग परामर्श गरिसकेका छन्।

एमालेले संविधानका विषयमा विवाद गर्ने पक्षमा नरहे पनि असार २९ गते संसद् बैठकको कार्यसूचीमा रहेको बजेटसम्बन्धी तीन आश्रित विधेयकलाई कार्यसूचीमा समावेश गर्नुपर्ने अडान लिएको छ। एमाले कार्यसूचीमा राखेपछि पास फेल जे भए पनि स्वीकार गर्दै अविश्वासको प्रस्तावमाथि छलफल गर्ने बताएको छ।

नेकपा एमालेका प्रमुख सचेतक भानुभक्त ढकालले समस्या समाधान गर्नका लागि दलहरूका बीचमा छलफल भइरहेको बताउनुभयो।

'समस्या समाधानका लागि विभिन्न प्रस्तावमाथि छलफल भइरहेको छ, तर कुनै विषयमा सहमति जुटेको छैन, अविश्वासको प्रस्तावलाई कसरी विश्वासमा लिने र अन्य ढंगले राष्ट्रको हित हुने सबालमा एमाले छलफल गर्न तयार छ।' -उहाँले भन्नुभयो।

बजेटसम्बन्धी आश्रित तीन विधेयक पास हुने अघिल्लो दिन अर्थात् असार २८ गते माओवादी अध्यक्ष प्रस्तावक र कांग्रेस सभापति देउवा समर्थक रहेर संसद्मा प्रधानमन्त्री ओली नेतृत्वको सरकारका विरुद्ध अविश्वासको प्रस्ताव दर्ता भएको थियो।

असार २९ र ३१ गते बसेको बैठकमा बजेटसम्बन्धी विधेयकमाथि छलफल नगरी सभामुख घर्तीले बैठक स्थगित गरेको भन्दै एमालेले असन्तुष्टि जनाउँदै आएको छ। नेता महराले प्रधानन्त्रीको राजीनामा, बजेटसम्बन्धी विधेयक र नयाँ सरकारलगायतका विषयलाई प्याकेजमा नै सम्बोधन गर्ने विषयमा सहमति जुटाउने विषयमा शीर्ष तहमा छलफल भइरहेको बताउनभुयो। बैठकबाट बाहिरिने क्रममा माओवादी अध्यक्ष प्रचण्डले दलहरूबीचको छलफलले भोलिसम्म निकास पाउने विश्वास व्यक्त गर्नुभयो।

सभामुख घर्तीले शुक्रबार बिहान ११ बजे प्रमुख दलका शीर्ष नेताहरूसँग छलफल गर्ने र दिउँसो २ बजे बैठक राख्ने हुनुभएको छ। दलहरूबीच सहमति नजुटे पनि सभामुख घर्तीले बैठक बोलाउने तयारी गरेको सभामुखको सचिवालयले बताएको छ।

व्यवस्थापन ...

अस्ति बुधबार शिक्षा विभागले ७५ वटै जिल्ला शिक्षा कार्यालयलाई विद्यालय व्यवस्थापन समिति गठनको कार्य गराउन निर्देशन दिएको हो।

शिक्षा विभागका महानिर्देशक खगराज बरालले विद्यालय व्यवस्थापन समितिको अभावले गर्दा कतिपय काममा प्रत्यक्ष प्रभाव पर्न थालेपछि अप्ठ्यारोलाई तत्काल समाधान गर्न समिति गठन गर्ने सबै जिशिकालाई निर्देशन दिएको जानकारी दिनुभयो। मन्त्रालयको निर्देशनलगत्तै अब विद्यालयमा १० लाख रुपियाँ चन्दा दिने समाजसेवी विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुने बाटो खुलेको छ।

गत असार २८ गते शिक्षामन्त्रीस्तरीय निर्णय भएलगत्तै विभागमा पत्राचार भएपछि विभागले जिशिकालाई सबै विद्यालयमा समिति गठन गर्न पत्राचार गरेको हो। शिक्षा ऐनको दफा १२ मा संशोधन गरी सामुदायिक विद्यालयको सञ्चालन रेखदेख गर्न समिति गठन गर्नुपर्ने प्रावधान रहेको छ। संशोधित ऐनअनुसार अब विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बन्न अभिभावक नै हुनुपर्ने बाध्यकारी व्यवस्था हटेको छ।

संशोधित ऐनअनुसार नयाँ बन्ने विद्यालय व्यवस्थापन समितिको सदस्य संख्या ९ जना रहने व्यवस्था छ। समितिको सदस्यसचिवमा विद्यालयका प्रअ रहनेछन्। समितिमा अभिभावकमध्येबाट दुई महिलासहित ४ जना, विद्यालय रहेको गाविस वा वडा अध्यक्ष, १० लाखभन्दा माथि आर्थिक सहयोग गर्नेमध्ये २, शिक्षक प्रतिनिधि रहने गरी व्यवस्था गरिएको छ।

ऐनअनुसार समिति विभिन्न ११ वटा काम गर्दै आएको थियो। विभागले समिति गठनपछि जिल्ला र नगर शिक्षा समिति गठन गर्ने अन्तिम तयारी गरेको छ। विभागले बुधबार जारी गरेको पत्रमा नयाँ शिक्षा ऐनको दफा २ ले गरेको परिभाषाअनुसार विद्यालयको नाम परिवर्तन गर्नसमेत निर्देशन गरेको छ।

विभागका उपनिर्देशक योगेन्द्रप्रसाद बरालद्वारा जारी गरिएको पत्रमा रिक्त शिक्षक पदमा करार शिक्षक पूर्ति गर्न निर्देशन दिइएको छ।

मध्यक्षेत्रमा ९ सय ९५ वटा अपराध

नेपाल समाचारपत्र
हेटौंडा

मध्यक्षेत्रका १६ जिल्लामा पछिल्लो तीन वर्षको तुलनामा गत आर्थिक वर्षमा आपराधिक घटनामा केही वृद्धि भएको छ। यस क्षेत्रमा गत आर्थिक वर्षमा ९ सय ९५ वटा आपराधिक घटना भएका छन्।

विभिन्न आपराधिक घटनामध्ये सबभन्दा बढी लागूऔषधका घटना छन्। आर्थिक वर्ष २०७०/०७१ देखि गत आर्थिक वर्षसम्मका तीन वर्षको तुलनामा आपराधिक घटनामा वृद्धि भएको छ। समाजमा नागरिक सचेत हुँदै गएकाले आपराधिक घटना सार्वजनिक हुने क्रम बढेसँगै यस्ता घटना बढ्दै गएको देखिएको मध्यक्षेत्रीय प्रहरी हेटौंडाका प्रमुख प्रहरी नायब महानिरीक्षक पशुपति उपाध्यायले जानकारी दिए।

१६ जिल्लामा आर्थिक वर्ष २०७०/०७१ मा आपराधिक घटना ९ सय ५३ वटा भएका थिए। आर्थिक वर्ष २०७१/०७२ मा त्यस्ता घटना ९ सय २८ वटा घटे। पछिल्लो आर्थिक वर्षमा यस्ता घटना ९ सय ९५ वटा भएको डीआईजी उपाध्यायले बताए। पहिले गाउँ, टोल, छरछिमेकमा आपराधिक घटना भन्ने नगरिए पनि पछिल्लो समय यस्ता घटना प्रहरीकहाँ आउने गरेकाले तथ्यांकमा वृद्धि भएको उनले दाबी गरे।

गत आर्थिक वर्षमा मध्यक्षेत्रमा कर्तव्य ज्यानका एक सय ३८ वटा, जबरजस्ती करणीका २ सय ५२ वटा, हातहतियार खरखजानाका ५२ वटा, मानव बेचबिखन तथा ओसारपसारका ३२ वटा, डाँकासम्बन्धी १५ वटा, लागूऔषधका ४ सय ९० वटा, अपहरण तथा शरीर बन्धकका १६ घटना भएको डीआईजी उपाध्यायले जानकारी दिए।

यी घटनामा पहिलेको तुलनामा पछिल्लो समयमा बढेको देखिन्छ। आपराधिक घटना बढी देखिनुको मुख्य कारण मध्यक्षेत्रका धेरै जिल्ला भारतको सिमानासँग जोडिएको र सीमामा घटना घटाउने र भारततिर भाग्ने प्रवृत्ति बढेको प्रहरीले जनाएको छ। सीमा क्षेत्रमा जनपद प्रहरीले घटना न्यूनीकरण गर्न अन्य प्रहरी र प्रशासनको सहायतामा काम गरिरहेको बताइएको छ।

अपराध न्यूनीकरण गर्न प्रहरी रणनीति तयार गरेर अगाडि बढिरहेको छ। अपराधका घटनाबारे जानकारी लिन खबर संकलन, निगरानी, नियमित गस्ती, समन्वय, सीमावर्ती र अन्तर्राष्ट्रिय आधुनिक सूचनाप्रविधि प्रयोग गरी अनुसन्धानको काम अगाडि बढाइएको प्रहरीले जनाएको छ। प्रहरीले पछिल्लो समय प्रमाणमुखी अनुसन्धानको कामलाई तीव्रता दिएको छ।

सर्वोच्च बारको पदभार हस्तान्तरण

काठमाडौं, (नेस)

सर्वोच्च अदालत बार एसोसिएसनको साधारण-सभा बिहीबार राजधानीमा सम्पन्न भयो। सो साधारण-सभामा नयाँ कार्यसमितिलाई पुरानो कार्यसमितिले कार्यभार हस्तान्तरण गरेको छ।

साधारण-सभामा निवर्तमान सचिव बालकृष्ण ढकाल र कोषाध्यक्ष ज्योति लम्सालले प्रस्तुत गर्नुभएको प्रतिवेदन सर्वसम्मतिले पारित भएको छ। गएको असार २५ गते भएको सर्वोच्च बारको चुनावमा अध्यक्षमा शैलेन्द्र दाहाल र सचिवमा विष्णु लुइँटेलले विजय हासिल गर्नुभएको थियो।

साधारण-सभामा निवर्तमान अध्यक्ष नरहरि आचार्यले अध्यक्ष दाहाललाई पदभार हस्तान्तरण गर्नुभएको थियो।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
मध्यपश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालय
डिभिजन सडक कार्यालय
सुर्खेत

मौजुदा सूची (स्टान्डिङ लिष्ट) दर्ता गराउने सम्बन्धी सूचना

(प्रकाशित मिति : २०७३/०४/०७)

यस कार्यालयको लागि आ.व. २०७३/०७४ मा आवश्यक पर्ने तपशिल बमोजिमका सामान तथा सेवाहरु आपूर्ति गराउन ईच्छुक आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकहरुबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूची (स्टान्डिङ्ग लिष्ट) दर्ता गर्नको लागि फर्म दर्ता, आयकर/मूल्य अभिबृद्धि कर दर्ता तथा आ.व. २०७१/०७२ सम्म कर चुक्ता गरेको प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपि सहित आफ्नो कारोबारको स्पष्ट व्यहोरा खुलाई प्रत्येक कार्यको लागि छुट्टाछुट्टै निवेदन यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयको खरिद एकाईमा रीतपूर्वकको आवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

खरिद सम्बन्धी विवरण :

१) मालसामान आपूर्ति कार्य (स्टेशनरी, मसलन्द, कम्प्यूटर, प्रिन्टर लगायत इलेक्ट्रोनिक्स, विधुतीय फर्निचर तथा फर्निसिङ्ग, मेशिनरी, सवारी साधन, निर्माण सामग्री, सडक सर्भेक्षण सम्बन्धी सामानहरु, सडक मर्मत संभार सम्बन्धी औजार लगायत अन्य कार्यालय सम्बन्धीहरु)।
२) सार्वजनिक निर्माण तथा मर्मत कार्य
३) मर्मत कार्य (फर्निचर, विधुतीय सामान, सवारी साधन, मेशिनरी, भारी उपकरण तथा अन्य आवश्यक सामानहरु आदि)
४) **छपाई कार्य** : फारमहरु, पुस्तक, बुकलेट तथा अन्य कार्यालयमा आवश्यक अन्य।
५) **परामर्श सेवा खरिद** : विशेषज्ञ सेवा, परामर्श सेवा (सडक/पुलहरुको सम्भाव्यता अध्ययन, विस्तृत सर्भेक्षण/डिजाइन, Geotechnical Study, EIA/IEE, Inventory Survey, Traffic Safety and Trainings etc.
६) सूचना/विज्ञापन प्रकाशन तथा प्रशारण गर्ने कार्य, श्रव्यदृश्य उत्पादन तथा अन्य।

डिभिजन प्रमुख

नेपाल सरकार
सार्वजनिक संस्थान निर्देशन बोर्ड
पुतलीसडक, काठ्माण्डौं।
(शेयर मार्केट भवनको तेस्रो तल्ला)

मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७३/०४/०७

यस बोर्डको लागी आ.व. २०७३/०७४ मा आवश्यक पर्ने देहाय बमोजिमका मालसामान तथा सेवाहरु खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म तथा कम्पनीहरुलाई सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस बोर्डमा आवश्यक कागजातहरु संलग्न राखी रु. १०।- को टिकट टाँस गरि प्रत्येक समूहको लागी छुट्टाछुट्टै मौजुदा सूचीमा दर्ता हुन सार्वजनिक खरिद नियमावली, २०६४ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

मौजुदा सूचीमा दर्ता गर्ने समूहहरु

१. स्टेशनरी तथा कार्यालय सामानहरुको आपूर्ति।
२. छपाईसम्बन्धी कार्यहरु।
३. डेस्क्टप कम्प्युटर, ल्यापटप, प्रिन्टर, फ्याक्स मेशिन, टोनर, टेलिफोन सेट, भ्याकुम क्लिनर सप्लाई तथा मर्मत कार्य।
४. फर्निचर तथा फिक्चर्स सप्लाई तथा मर्मत कार्यहरु।
५. सवारी साधनको टायर, ट्यूब, पार्टस, व्याट्री सप्लाई तथा मर्मतसम्बन्धी कार्यहरु।
६. विद्युतीय सामानहरुको आपूर्ति तथा मर्मतसम्बन्धी कार्यहरु।
७. परामर्श सेवासम्बन्धी कार्यहरु।
८. पिउने पानी सप्लाईसम्बन्धी कार्यहरु।
९. कुरियर सेवा।
१०. पलम्बिङसम्बन्धी कार्य।
११. सानातिना मर्मत तथा निर्माणसम्बन्धी कार्यहरु।
१२. विज्ञापन सेवा तथा सूचना प्रकाशनसम्बन्धी कार्य।
१३. खाजा सप्लाई सम्बन्धी कार्य।

दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु

१. फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी।
२. स्थायी लेखा नम्वर तथा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी।
३. आर्थिक वर्ष २०७१/०७२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।

नेपाल सरकार
सघिंय मामिला तथा स्थानिय विकास मन्त्रालय
दुहवी-भलुवा नगरपालिका कार्यालय
दुहवी, सुनसरी

सुची दर्ता सम्बन्धी सुचना

(सुचना प्रकाशित मिति २०७३/०४/०७ गते)

यस कार्यालयको आ.ब. २०७३/०७४ को लागि आवश्यक पर्ने तपसिल बमोजिमका बस्तु तथा सेवाहरू खरिद तथा मर्मत सम्भार गर्ने प्रयोजनको लागि स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ७०, सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम मौजुदा सुची तयार गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक फर्म, आपुर्तिकर्ता, कम्पनी संथाहरूले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा सुची दर्ता गराउन हुन यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

१. मसलन्द खरिद तथा छपाई।
२. निर्माण सम्बन्धि कार्य तथा सामाग्री आपुर्ती सम्बन्धी।
३. मोटरसाईकल, गाडीको सामान आपुर्ती तथा मर्मत।
४. कम्प्युटर सम्बन्धि सामान आपुर्ती तथा मर्मत सम्बन्धी।
५. विद्युत, ईलेक्ट्रोनिक्स, सोलार सम्बन्धि सामान आपुर्ती तथा खरिद सम्बन्धी।
६. प्लम्बिङ्ग सामान आपुर्ती तथा मर्मत सम्बन्धी।
७. फर्निचरका सामान आपुर्ती सम्बन्धी।
८. हार्डवेयर तथा सेनेटरीका सामान आपुर्ती सम्बन्धी।
९. रंगरोगन सम्बन्धी।
१०. स्टेस्नरीका सामान आपुर्ती सम्बन्धी।
११. सुचना प्रविधि सम्बन्धी।
१२. परामर्श सेवा आपुर्ती सम्बन्धी र
१३. शिपमुलक क्षमता विकास तालिम गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन सम्बन्धी कार्य।

निवेदनका साथमा अनिवार्य पेश गर्नु पर्ने कागजातहरू

- फर्म दर्ता ईजाजत पत्रको प्रमाणित प्रतिलिपि।
- स्थायी लेखा नं. र मुल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
- आ.ब. २०७१/०७२ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
- सम्बन्धीत कार्यको अनुभव पत्र र पेशागत कसुरमा सजाय नपाएको सोको घोषणा पत्र।

पुनश्च : रितपूर्वक नभएका र भ्याद नाघि आएको निवेदनलाई कुनै मान्यता दिईने छैन सार्थ प्राप्त भएको निवेदन स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ अन्य जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

दुहवी भलुवा नगरपालिका
दुहवी सुनसरी